श्रमज्योति बचत तथा ऋण सहकारी संस्था लिमिटेड

काठमाडौं महानगरपालिका वडा नं. २८, बागबजार

२५औं वार्षिक साधारण सभा

सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री तिर्थ राज न्यौपानेद्वारा प्रस्तुत

वार्षिक प्रतिवेदन

आदरणीय शेयर सदस्य महानुभावहरु,

ऋग्वेदमा आपसी एकता, सहकार्य र साझा उद्देश्यको महत्वलाई जोड दिंदै उल्लेख गरिएको छः **"संगच्छध्वं संवदध्वं संवो मनांसि जानताम्"** अर्थात "हामी सबै सँगै हिडौं, एउटै आवाज बोलौं, हाम्रो मन एउटै होस्" यस मूल मर्मलाई अनुशरण गर्दै सामूहिक आवश्यकता सामूहिक प्रयासबाटै पूर्ण हुन्छ भन्ने मान्यताका आधारमा हामी सवै मिलेर आज भन्दा २५ वर्ष अधि स्थापित यस श्रमज्योति बचत तथा ऋण सहकारी संस्था लि. नेपाल विद्युत प्राधिकरणका कर्मचारीहरुको आस्था र विश्वासको धरोहरका रुपमा अझ मजबुत भएको छ । संस्थाले स्थापनाको २५औं वसन्त पार गरिसकेको अवस्थामा संस्थाको यस बार्षिक साधारण सभामा उपस्थित प्रमुख अतिथीज्यूहरु, शेयर सदस्य महानुभावहरु लगायत आमन्त्रित अन्य सवैमा सञ्चालक समिति, संस्था र मेरो व्यक्तिगत तर्फबाट यहाँहरु सबैमा हार्दिक स्वागत एवम् अभिवादन व्यक्त गर्दछु ।

नेपाल बिद्युत प्राधिकरणका कर्मचारीहरुको पहलमा संचालित यस सहकारी संस्थाले स्थापनाको २५औं वर्ष पार गरिसक्दा आजका दिनमा म ती अग्रजहरु जसले संस्था स्थापनाका लागि गर्नु भएको पहल स्मरण गर्न चाहन्छु यसै प्रयासले तत्कालिन अवस्थामा नेपाल विद्युत प्राधिकरणका सवै कार्यालय पुगी सदस्यता विस्तार र सहकारीको स्थापना सम्वन्धि चेतना मुलक कार्यक्रमहरुको सम्झना हामी माझ अविश्मरणिय छ । संस्थालाई वर्तमान अवस्थामा ल्याई पुऱ्याउन योगदान दिने सम्पूर्ण शेयर सदस्य लगायत सबैलाई उच्च सम्मान व्यक्त गर्न चाहन्छु । यस ऐतिहासिक क्षणको अवसरमा हामीलाई विगतका सिकाई, अनुभव र उपलब्धिहरूलाई संस्थागत गर्दै आगामी दिनहरुमा बृहत सदस्य हितका लागि अधि बढ्न थप प्रेरणा प्रदान गर्ने र उद्देश्य प्राप्तिका लागि मार्गनिर्देश गर्नेछ भन्ने विश्वास लिएको छु ।

नेपाल विद्युत प्राधिकरणका सम्पूर्ण कार्यालयहरुका अधिकांश कर्मचारीहरु आवद्ध रहेको यस संस्थाले आफ्नै भवन बागबजार, काठमाडौंबाट १० जना कर्मचारीहरु र देशै भरि रहेका समन्वयकर्ताहरु मार्फत सेवा प्रदान गर्दै आइरहेको व्यहोरा स्मरण गराउन चाहन्छु ।

आदरणीय शेयर सदस्यज्यूहरु

नेपाल विद्युत प्राधिकरण भित्रका कर्मचारीहरुको आर्थिक अवस्था सुधार गरी समुन्नत समाज निर्माणमा अगुवाई गर्ने क्रममा सहकारीको मूल मर्म **"सबैका लागि एक र एकका लागि सबै"** भन्ने दर्शनबाट ओतप्रोत भई सामुहिक एकता र विश्वासको प्रतिकका रुपमा स्थापित यो संस्था सदस्यहरुको आर्थिक तथा सामाजिक रुपान्तरण गर्ने दायित्व प्रति पनि सदैव सचेत रहेको छ । समाजवाद उन्मुख अर्थ व्यवस्थाको लक्ष्य पूरा गर्नको लागि नेपालको संविधान २०७२ मा ३ खम्बे अर्थतन्त्रको आधारस्तम्भको रुपमा सहकारी क्षेत्रलाई स्वीकार गरिएको र सहकारी क्षेत्रले पनि समग्र अर्थव्यवस्थामा आफ्नो अतुलनीय योगदान गरिरहेको वर्तमान परिप्रेक्षमा यस क्षेत्रको महत्व थप उजागर भएको छ ।

सदस्य महानुभावहरु,

सहकारी क्षेत्रको ईतिहास, सहकारी स्थापनाको मर्म आदिबारे तपाईहरु स्वयं विज्ञ नै हुनुहुन्छ । वर्तमान अवस्थामा सदस्यहरुको असिमित आवश्यकताका बीच सिमित श्रोत र साधनको उचित उपयोग चुनौतीपूर्ण हुंदै गईरहेको परिप्रेक्ष्यमा सहकारी क्षेत्रमा देखिएको सुशासन, स्व:नियन्त्रणमा भएको असन्तुलन र ऐन तथा नियमावलीमा भएका व्यवस्थाहरुको कार्यान्वयनमा कमजोरीका कारण सहकारी क्षेत्रमा केही समस्या र चुनौतिहरु देखिएको अवस्थामा राज्यबाट नीतिगत, कानूनी, संस्थागत लगायतका व्यवस्थामा गरिएका सुधारले यस क्षेत्रमा थप विश्वासको वातावरण बन्दै जाने छ भन्ने अपेक्षा गरेका छौं । वित्तिय क्षेत्रमा न्युन लगानी र अत्याधिक तरतला कारणले व्याजदरमा कमी आएको अवस्थामा पनि हाम्रो सहकारीले आ.व. २०८१/०८२ मा लक्षित उद्देश्यहरु हासिल गर्न सफल भएको छ । भावी दिनहरुमा यहाँहरु सवैको सहयोगमा सहकारीका अवसर र चुनौतिको विश्लेषण गर्दै नीति/योजना र कार्यक्रम तयार गरी कार्यान्वयन गर्दै सुशासन, थप प्रगति तथा उन्नतीका लागि निरन्तर प्रयासरत रहने प्रतिबद्धता ब्यक्त गर्दछौं ।

आ.व. २०८१/०८२ मा नेपाल लेखामान बोर्डद्वारा जारी भए बमोजिम नेपाल वित्तिय प्रतिवेदन मान (Nepal Financial Reporting Standards-NFRS) मा आधारित भई संस्थाको वित्तीय स्थिति, नाफा/नोक्सान हिसाव, नगद प्रवाह विवरण, इक्वीटिमा भएको परिवर्तन सहितका अन्य विवरणहरुको लेखापरीक्षण सम्पन्न गराई यस सम्मानित सभामा प्रतिवेदन पारीतका लागि पेश गर्न पाउँदा सञ्चालक समिति हर्षित भएको छ ।

अब म संस्थाले आ.व. २०८१/०८२ मा हासिल गरेका उपलब्धिहरुको आधारमा तयार गरिएको प्रतिवेदन पेश गर्ने अनुमति चाहन्छु ।

१. संस्थाको चालु आ.व. (२०८१/०८२) को वित्तीय कारोवारको समीक्षा :

आदरणीय शेयर सदस्य महानुभावहरु,

संस्थाले चालु आ.व. २०८१/०८२ मा अघिल्लो आ.व. को तुलनामा समग्र वित्तीय कारोवारमा सन्तोषजनक प्रगति हासिल गर्न सफल भएको छ । तुलनात्मक वित्तीय आँकडाहरु निम्नानुसार रहेका छन् :

वित्तीय झलक (Financial Highlights) :

क्र.सं.	विवरण	आषाढ मसान्त (रु हजारमा)			
		चालु आ.व. (२०८१/०८२)	गत आ.व. (२०८०/०८१)	वृद्धि/(कमी)	वृद्धि/कमी (प्रतिशत)
क.	कूल सम्पति/दायित्व	१,४११,९४२	१,३३१,७६६	८०,१७६	६.०२
ख.	शेयर पूँजी	१०४,००४	१०१,३५७	२,६४६	२.६१
ग.	साधारण जगेडा कोष	१२३,१३७	८३,९९०	३९,१४७	४६.६१
घ.	अन्य कोषहरु	३०,१५८	६३,०१४	(३२,८५७)	(५२.१४)
ङ.	सदस्यबाट बचत र निक्षेप दायित्व	१,०७७,२९७	१,०५५,४८२	२१,८१५	२.०७
च.	सदस्यहरुलाई ऋण तथा सापट	९२०,४३२	८६३,६४४	५६,७८८	६.५८
छ.	वित्तीय लगानी हिसाव	३१	३१	-	-
ज.	चालु दायित्व तथा अन्य व्यवस्था	३२,१२४	२७,८२२	४,३०२	१५.४६
झ.	अन्य सम्पति	४,२४६	५,१७४	(९२८)	(१७.९३)
ञ.	सम्पति, संयन्त्र तथा उपकरण	६१,६००	६३,२६७	(१,६६७)	(२.६३)
ट.	नगद तथा बैंक मौज्दात	४२५,६३२	३९९,६५०	२५,९८२	६.५०
ठ.	व्याज आम्दानी	१२१,४९४	१३९,२२१	(१७,७२६)	(१२.७३)
ड.	व्याज खर्च	७७,५०६	९०,३५०	(१२,८४४)	(१४.२२)
ढ.	खूद व्याज आम्दानी	४३,९८८	४८,८७०	(४,८८२)	(९.९९)
ण.	अन्य आम्दानी	५,०३९	४,४६९	५७०	१२.७५
त.	कर्मचारी लाभ खर्च	८,७४०	८,४९३	२४७	२.९१
थ.	अन्य सञ्चालन खर्च	७,६०९	७,७११	(१०२)	(१.३३)
द.	ह्रासकट्टी तथा परिशोधन	१,६६७	१,६६७	-	-
ध.	आयकर अघिको नाफा	३०,३५८	३५,५२१	(५,१६२)	(१४.५३)
न.	आयकर खर्च	६,०९३	७,१६१	(१,०६७)	(१४.९०)
प.	खूद मुनाफा/(नोक्सान)	२४,२६५	२८,३६०	(४,०९५)	(१४.४४)

तालिका नं. १

(क) कूल सम्पति/दायित्व :

आ.व. २०८१/०८२ मा संस्थाको कूल सम्पति/दायित्व गत आ.व. को तुलनामा ६.०२ प्रतिशतले बृद्धि भई रु. १ अर्ब ४१ करोड १९ लाख ४२ हजार पुगेको छ ।

(ख) शेयर पूँजी :

आ. व. २०८१/०८२ मा शेयर पूँजी तर्फ गत आ.व. को तुलनामा खूद रु. २६ लाख ४६ हजारले बृद्धि भई कूल शेयर पूँजी रु. १० करोड ४० लाख ४ हजार रहन गएको छ ।

(ग) साधारण जगेडा कोषः

आ.व. २०८१/०८२ मा संस्थाको जगेडा कोष रकम गत आ.व. को तुलनामा खूद रु. ३ करोड ९१ लाख ४७ हजारले बृद्धि भई कूल जगेडा कोष रु. १२ करोड ३१ लख ३७ हजार पुगेको छ । जुन गत आ.व. को तुलनामा ४६.६१ प्रतिशतले बृद्धि भएको छ । आ.व. २०८१/०८२ को अन्त्यसम्ममा घाटापूर्ती कोष बाहेकको बाँकी रहेको अन्य कोषहरुको रकम साधारण जगेडा कोषमा सारिएको छ ।

(घ) अन्य कोषहरु तथा पूँजिकोष :

आ.व. २०८१/०८२ मा संस्थाको अन्य कोषहरुको रकम गत आ.व. को तुलनामा खूद रु. ३ करोड २८ लाख ५७ हजारले न्यून भई कूल अन्य कोषहरु रु. ३ करोड १ लाख ५८ हजार रहेको छ । अन्य कोषहरुमा गत आ.व.सम्मको खर्च नभएको रकम जगेडा कोषमा सारिएकाले अन्य कोषको मौज्दात घट्न गएको छ । साथै शेयर पुँजी रु. १० करोड ४० लाख ४ हजार र सहकारी नियमावली, २०७५ ले व्यवस्था गरे बमोजिम जगेडा तथा अन्य कोषहरुमा रु. १५ करोड ३२ लाख ९५ हजार समेत गरी कूल पूँजीकोष रु. २५ करोड ७२ लाख ९९ हजार कायम भएको छ जुन गत वर्षको तुलनामा ३.६० प्रतिशतले वृद्धि भएको छ ।

(ङ) सदस्यहरुबाट बचत र निक्षेप दायित्व:

सदस्यहरुको निक्षेप दायित्व आ.व. २०८१/०८२ मा अघिल्लो आ.व. को तुलनामा २.०७ प्रतिशत बराबर रु. २ करोड १८ लाख १५ हजारले वृद्धि भई रु. १ अर्ब ०७ करोड ७२ लाख ९७ हजार पुगेको छ । जसमा बाल बचत र आवधिक बचतको भार तुलनात्मक रुपमा उच्च रहेकाले औषत Cost of Fund ६.८९ प्रतिशत रहेको छ ।

(च) सदस्यहरुलाई ऋण तथा सापट :

आ.व. २०८०/०८१ मा संस्थाको कूल कर्जा तथा सापट रु. ८६ करोड ३६ लाख ४४ हजार रहेकोमा चालु आ.व. २०८१/०८२ मा सो रकममा रु ५ करोड ६७ लाख ८८ हजारले बृद्धि भई कूल कर्जा तथा सापट रु. ९२ करोड ४ लाख ३२ हजार कायम हुन गएको छ । २०८२ आषाढ मसान्तमा कूल कर्जा तथा सापटमा औषत ब्याजदर १०.६८ प्रतिशत रही नगद प्राप्तिका आधारमा बचत तथा ऋण तर्फको सरदर व्याज अन्तर ३.७९ प्रतिशत रहेको छ ।

कर्जा लगानीको अनुपातमा गत आ.व. को तुलनामा उठ्न बाँकि व्याज रकममा केही वृद्धि भएकोले कूल अन्य सम्पत्तिमा वृद्धि भएको छ । सदस्यहरुको नियमित आय आर्जन गर्ने क्षमतामा ह्रास आएकोले नियमित रुपमा साँवा तथा व्याज असुलीमा प्रभाव पर्न गएता पनि असुल उपर हुनुपर्ने साँवा व्याजमा कुनै प्रकारको हर्जाना लिइएको छैन ।

(छ) लगानी उपकरण :

यस संस्थाको विभिन्न बैंक तथा अन्य संगठित संस्थाहरुमा रु. ३१ हजारको शेयर लगानी रहेको छ । जसको विस्तृत विवरण निम्नानुसार रहेको छ :

संस्थाको नाम	लागत मुल्य (रु.)
काठमाडौं जिल्ला सहकारी संघ लि.	१०,०००
नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.	११,०००
राष्ट्रिय सहकारी बैंक लि.	१०,०००
जम्मा	३१,०००

तालिका नं. २

(ज) चालु दायित्व तथा अन्य व्यवस्था :

चालु आ.व. २०८१/०८२ मा कूल चालु दायित्व तथा अन्य व्यवस्था गत वर्षको तुलनामा रु. ४३ लाख ०२ हजारले थप भई कूल दायित्व रु. ३ करोड २१ लाख २४ हजार रहन गएको छ ।

(झ) अन्य सम्पति :

संस्थाको अन्य सम्पति गत आ.व. २०८०/०८१ भन्दा १७.९३ प्रतिशतले कमी भई चालु आ.व. २०८१/०८२ मा रु. ४२ लाख ४६ हजार रहेको छ ।

(ञ) सम्पति संयन्त्र तथा उपकरण (स्थिर सम्पत्ति) :

गत आ.व. २०८०/०८१ मा स्थिर सम्पति रु. ६ करोड ३२ लाख ६७ हजार रहेकोमा चालु आ.व. मा कुनै सम्पति थप नभएकोले सो सम्पत्तिमा नियमानुसार ह्रास कट्टी वापत रु. १६ लाख ६७ हजार खर्च लेखाङ्कन पश्चात रु. ६ करोड १६ लाख खुद स्थिर सम्पति संयन्त्र तथा उपकरण मौज्दात कायम रहन गएको छ ।

(ट) नगद तथा बैंक मौज्दात (आवधिक निक्षेप समेत) :

आ.व. २०८१/०८२ मा संस्थाको नगद तथा बैंक (कल/चल्ति/मुद्दती) मौज्दात रु. ४२ करोड ५६ लाख ३२ हजार कायम रहेको छ । उक्त मौज्दातमा विभिन्न बैंक तथा वित्तीय संस्थामा रहेको रु. ३१ करोडको अल्पकालीन ३ महिना भन्दा कम अवधिको आवधिक निक्षेप लगानी समेत समावेश भएको छ । सोही आ.व. को आषाढ मसान्तमा संस्थाको कूल निक्षेपको तुलनामा ३९.५१ प्रतिशत तरल सम्पत्ति अनुपात (तरलता) कायम हुन पुगेको छ ।

(ठ) ब्याज आम्दानी :

आ.व. २०८०/०८१ मा संस्थाको कर्जा तथा सापटबाट ब्याज आम्दानी रु. १३ करोड ९२ लाख २१ हजार रहेकोमा चालु आ.व. २०८१/०८२ मा सो रकममा रु. १ करोड ७७ लाख २६ हजारले घट्न गई कर्जा तथा सापटबाट रु. १२ करोड १४ लाख ९४ हजार कुल व्याज आम्दानी भएको छ । समग्र वित्तिय क्षेत्रमा निरन्तर मासिक रुपमा व्याजदरमा आएको कमीका कारण चालु आ.व.मा ब्याज आम्दानीमा कमी हुन गएको छ ।

(ड) ब्याज खर्च :

आ.व. २०८०/०८१ मा संस्थाको ब्याज खर्च रु. ९ करोड ३ लाख ५० हजार रहेकोमा चालु आ.व. २०८१/०८२ मा सो रकममा १४.२२ प्रतिशतले अर्थात रु. १ करोड २८ लाख ४४ हजारले कमी भई कूल ब्याज खर्च रु. ७ करोड ७५ लाख ६ हजार हुन गएको छ ।

बैंक तथा वित्तिय संस्थाहरुले मासिकरुपमा व्याजदर पुनरावलोकन गर्दै आएको र नियमन निकायले समेत सहकारी संस्थाहरुलाई सन्दर्भ व्याजदर भित्र कायम रहने गरी पुनरावलोकन गर्ने सुविधा प्रदान गरेको कारण संस्थाले सोही नीति अख्तियार गरेको छ जसबाट सदस्यहरुको निक्षेप रकममा सामान्य बृद्धि भएता पनि चालु आ.व. मा व्याज खर्च घट्न गएको हो ।

(ढ) खुद ब्याज आम्दानी :

चालु आ.व. २०८१/०८२ मा खुद ब्याज आम्दानी रु. ४ करोड ३९ लाख ८८ हजार रहेको छ । जुन गत आ.व. २०८०/०८१ को तुलनामा ९.९९ प्रतिशतले न्यून रहन गएको छ ।

(ण) अन्य आम्दानी :

संस्थाको अन्य आम्दानी गत आ.व. २०८०/०८१ को तुलनामा रु. ५ लाख ७० हजारले बृद्धि भई चालु आ.व. २०८१/०८२ मा रु. ५० लाख ३९ हजार भएको छ । जुन गत आ.व. को तुलनामा १२.७५ प्रतिशतले बढी हो ।

(त) कर्मचारी लाभ खर्च :

आ.व. २०८०/०८१ मा संस्थाको कर्मचारी खर्च रु. ८४ लाख ९३ हजार रहेकोमा चालु आ.व. २०८१/०८२ मा २.९१ प्रतिशतले वृद्धि भई कुल कर्मचारी खर्च रु. ८७ लाख ४० हजार पुगेको छ ।

(थ) अन्य सञ्चालन खर्च :

आ.व. २०८०/०८१ मा संस्थाको अन्य सञ्चालन खर्च रु. ७७ लाख ११ हजार रहेकोमा चालु आ.व. २०८१/०८२ मा सो रकममा १.३३ प्रतिशत अर्थात रु. १ लाख २ हजारले न्युन हुन गई अन्य सञ्चालन खर्च रु. ७६ लाख ९ हजार रहेको छ ।

(द) ह्रासकट्टी तथा परिशोधन :

आ.व. २०८०/०८१ मा संस्थाको ह्रासट्टी तथा परिशोधन खर्च रु. १६ लाख ६७ हजार रहेकोमा संस्थाको स्थिर तथा अमूर्त सम्पति सो सम्पतिको उपयोग वर्षका आधारमा ह्रास कट्टि गर्ने नीति अनुरुप चालु आ.व. २०८१/०८२ मा सोही रकम बराबर नै रु. १६ लाख ६७ हजार ह्रास कट्टी रहेको छ ।

(ध) आयकर अघिको नाफा :

अघिल्लो आ.व. २०८०/०८१ मा सञ्चालन मुनाफा रु. ३ करोड ५५ लाख २१ हजार रहेकोमा चालु आ.व. २०८१/०८२ मा अघिल्लो आ.व. को तुलनामा १४.५३ प्रतिशतले कमी भई आयकर अघिको नाफा रु. ३ करोड ३ लाख ५८ हजार हुन गएको छ ।

(न) आयकर खर्च :

आयकर ऐन, २०५८ अनुसार बचत तथा ऋण सहकारी संस्थाको कारोवार गर्ने महानगरपालिका भित्र दर्ता भएका सहकारी संस्थाहरुलाई आयकर अघिको नाफामा २० प्रतिशत कर लाग्ने व्यबस्था रहि आएकोले गत आ.व. २०८०/०८१ को तुलनामा १४.९० प्रतिशतले कमी भई आ.व. २०८१/०८२ का लागि आयकर वापत रु. ६० लाख ९३ हजार ब्यवस्था गरिएको छ ।

(प) खूद नाफा :

चालु आ.व. २०८१/०८२ मा आयकर पछिको खूद नाफा आर्जन गत आ.व. को तुलनामा १४.४४ प्रतिशतले संकुचन हुन गई रु. २ करोड ४२ लाख ६५ हजार भएको व्यहोरा यस सम्मानित सभालाई जानकारी गराउन चाहन्छु ।

२. सहकारी क्षेत्रमा देखिएका समस्याहरुको प्रभाव सम्वन्धमा :

आर्थिक वर्ष २०८१/०८२ मा समेत विगत वर्षमा जस्तै विश्व अर्थतन्त्रमा बढ्दो राजनीतिक तथा आर्थिक ध्रुविकरण, आय, उत्पादन तथा रोजगारीमा संकुचन हुन गई उच्च मुल्यवृद्धि, वितीय उतारचढाव खासगरी तरलता बृद्धि, व्याजदरमा संकुचन जस्ता आर्थिक चुनौतीहरुको निरन्तरता नै रहयो । बढ्दो आयात र निर्यातजन्य सेवा र वस्तुहरुको उत्पादन तथा विस्तारको अभावमा वैदेशीक व्यापारमा आएको उच्च असुन्तलन र थप लगानी योग्य पूँजीको विस्तार हुन नसक्दा राष्ट्रिय अर्थतन्त्रको विस्तारमा समेत सङ्कुचन हुन पुग्यो । कर्जा विस्तारमा समेत प्रभाव देखिएको सन्दर्भमा नियामक निकाय राष्ट्रिय सहकारी नियमन प्राधिकरणले सो विषयलाई सम्वोधन गर्दै सहकारी संस्थाहरुलाई सहजीकरण गर्न मिति २०८२ असार २३ गते जारी गरिएको ९ बूँदे मार्ग निर्देशनको संस्थाले प्रभावकारी कार्यान्वयन गरेको छ ।

३. ब्याज दर :

नियामक निकायको प्रचलित निर्देशन अनुरुप सहकारी संस्थाहरुले पनि बैंक तथा वितीय संस्थाको जस्तै मासिक रुपमा वा आवश्यकता अनुरुप व्याज दर परिवर्तन गर्न सक्ने व्यवस्था भएकोले संस्थाले पनि सन्दर्भ व्याजदर ६ प्रतिशतको सीमाभित्र कायम राख्ने व्यवस्था वमोजिम नै समीक्षा अवधिमा औसत व्याजदरको अन्तर ३.७९ प्रतिशत रहेको छ ।

४. नगद लाभांश तथा संरक्षित पूँजीफिर्ता कोष सम्वन्धमा :

संस्थामा आवद्ध सम्पूर्ण शेयर सदस्यहरुको संस्थाप्रतिको विश्वास र योगदान संस्थाको लागि अतुलनिय छ । यो संस्था सदस्यहरुको वर्तमान र भविष्यको आर्थिक आवश्यकता प्रति सदैव सजग छ । सेयर सदस्यहरुको सन्ततीका लागि भविष्यमा उच्च शीक्षा अध्ययन गर्न/गराउन आर्थिक अभावकै कारण समस्यामा नपरुन भन्ने मनसायले संचालन गरि आएको दिर्घकालीन प्रकृतिको बाल बचत खाताको लागत वर्षे पिच्छे बढ्दो क्रममा रहेको छ । जसबाट संस्थाको व्याजदर लागत अपेक्षित रुपमा कम गर्न सकिएको छैन भने संस्थाको कुल कारोवार बृद्धि भएता पनि संस्थाको खुद मुनाफा आर्जनमा तुलनात्मक रुपमा बढ्न सकेको छैन । संस्थाको प्रति शेयर आम्दानी आ.व. २०८०/०८१ को तुलनामा १६.६२ प्रतिशतले कमी भई आर्थिक वर्ष २०८१/०८२ मा रु. २३.३३ रहेको छ ।

आ.व. २०८१/०८२ को खूद मुनाफा रकमबाट प्रचलित सहकारी कानून वमोजिमका सम्पूर्ण कोषहरुमा बाँडफाँड पश्चात् सञ्चालक समितिको निर्णय अनुसार २०८१ पौष मसान्तमा कायम रहेका सम्पूर्ण शेयर सदस्यहरुलाई शेयर अनुपातको आधारमा शेयर लाभांश कोषबाट ८.४२% बराबर नगद लाभांशको प्रस्ताव यस गरिमामय सभामा स्वीकृतीका लागि पेश गरेका छौं ।

साथै सहकारी ऐन, सहकारी नियमावली, २०७५ वमोजिम आ.व. २०८१/०८२ मा कोष बाँडफाँड हिसाब अनुसार संरक्षित पूजी फिर्ता कोषमा बाँडफाँड भएको रकम रु. ४५ लाख ५० हजार संरक्षित पूँजी फिर्ता कोषबाट योगदानका आधारमा सदस्यलाई फिर्ता गर्ने प्रस्ताव यस गरिमामय सभामा स्वीकृतीका लागि समेत पेश गरेका छौं ।

५. सम्मान तथा पुरस्कार :

संस्थाको बचत संकलन तथा लगानीलाई समय मै संस्थाको कोषमा जम्मा गराउन सहयोग गर्ने सदस्यहरुलाई योगदानका आधारमा सम्मान तथा पुरस्कृत गरिँदै आएकोमा यस वर्ष पनि नेपाल विद्युत प्राधिकरण, पेरोल, पेन्सन तथा अवकाश कोषमा कार्य गर्ने १/१ जना कर्मचारीलाई प्रोत्साहन स्वरुप नगद पुरस्कार तथा सम्मान गर्ने कार्यलाई निरन्तरता दिईएको छ । साथै संस्थाको गतिविधिमा सक्रिय रहि योगदान पुऱ्याउने समन्वयकर्ता, कर्मचारी, विषयगत समिति तथा उपसमितिका सदस्यलाई सम्मान गर्ने कार्यलाई समेत निरन्तरता दिईएको व्यहोरा यस सम्मानित सभालाई जानकारी गराउन चाहन्छु ।

६. कर्जा नोक्सानी व्यवस्था :

आ.व. २०८०/०८१ को अन्त्यमा कूल कर्जा नोक्सानी वापत रु. १ करोड ९ लाख ९९ हजार व्यवस्था गरिएकोमा नियामक निकायद्वारा जारी भएको नियामकीय मापदण्ड, २०८२ बमोजिम चालु आ.व. २०८१/०८२ को अन्त्यमा रु. ६ लाख ५३ हजारले बृद्धि भई रु. १ करोड १६ लाख ५२ हजार व्यवस्था गरिएको छ । संस्थाको वास्तविक खराव कर्जा कुल कर्जा लगानीको तुलनामा ०.२६ प्रतिशत रहेको छ ।

वर्गीकरण	ऋण रकम रु.	प्रतिशत	व्यवस्था गर्नुपर्ने रु.
१. सक्रिय ऋण			
सक्रिय ऋण/असल ऋण (भाखा ननाघेका वा भाखा नाघी ३ महिना व्यतीत नभएको)	९०४,६७२,५९२	१%	९,०४६,७२६
२. निष्क्रिय ऋण			
२.१ कमसल ऋण (३ देखि ६ महिनासम्म भाखा नाघेका)	३००,०००	२५%	७५,०००
२.२ शकास्पद ऋण (६ देखि १२ महिनासम्म भाखा नाघेका)	२१७,११२	५०%	१०८,५५६
२.३ खराब ऋण (१२ महिना भन्दा बढी भाखा नाघेको)	२,३९८,७८७	१००%	२,३९८,७८७
जम्मा रु.	९०७,५८८,४९१		११,६२९,०६९
नियमानुसार व्यवस्था गर्नुपर्ने कर्जा जोखिम व्यवस्था रकम			११,६२९,०६९
३. थप कर्जा नोक्सानीका लागि व्यवस्था भएको रकम			२२,६५१
आ.व. २०८१/०८२ को कर्जा जोखिम व्यवस्था रकम			११,६५१,७२०

तालिका नं. ३

७. संस्थागत सुशासन एवं जोखिम ब्यवस्थापन :

संस्थाको नेतृत्वले गरेका हरेक निर्णयले संस्थालाई दीर्घकालीन असर पर्ने भएकोले त्यस्ता निर्णयको दीर्घकालिन प्रभाव आँकलन गर्दै सदस्यहरुको सर्वोपरी हितलाई र व्यवसायिक निरन्तरतामा प्रभाव पार्नसक्ने विषयहरुका सन्दर्भमा विवेकशील निर्णय गर्ने नीति, विधि र प्रविधिलाई अवलम्बन गर्ने गरिएको छ । सुशासन एवं जोखिम व्यवस्थापनका सम्वन्धमा देहाय बमोजिमका नीतिगत, संस्थागत एवं असल व्यवस्थापकीय अभ्यासहरुलाई अवलम्बन गरिएको छ । जसबाट नियामकीय निकायले निर्धारण गरेको मापदण्ड लगायत निर्देशनहरुलाई परिपालना गर्न मार्ग प्रशस्त गर्दछ भन्ने हाम्रो ठम्याई रहेको छ ।

(क) संचालक समितिको बैठकमा संस्थाको वित्तीय अवस्था, लगानी, असुली, सदस्यता, वित्तिय जोखिमको मुल्यांकन, PEARLS सुचकांकको विश्लेषण, बजेट कार्यान्वयको अवस्था, नीति निर्देशनको परिपालना, सम्पत्तिको सुरक्षण, सदस्य हित अभिवृद्धी आदि जस्ता विषयहरुमा नियमित रुपमा छलफल गरी यथा समयमानै कमी कमजोरीहरुलाई सुधार गर्न आवश्यक नीति तथा कार्ययोजना सहित कार्यान्वयन गर्दै लगिएको छ ।

(ख) नियामक निकायबाट जारी निर्देशन अनुसार जोखिम व्यवस्थापन कार्यदल (उपसमिति) गठन गरी जोखिम नियमित रुपमा अनुगमन गरिँदै आईएको छ र सम्वन्धित निकायबाट समय-समयमा जारी भएका निर्देशनहरुलाई अनुपालना गरिँदै लगिएको छ । संस्थाको वित्तिय सञ्चालन, जोखिम व्यवस्थापन र संस्थालाई व्यवस्थित रुपमा सञ्चालन गर्नको लागि जारी विभिन्न निर्देशिका, मापदण्ड तथा परिपत्रहरुको कार्यान्वयन एवम् सुधार गर्ने र व्यवस्थापनलाई आन्तरिक नियन्त्रण प्रणाली (COSO Framework) को पर्याप्तता लगायत समयमा नै सल्लाह/सुझाव प्रदान गर्न स्वतन्त्र व्यावसायिक चार्टर्ड एकाउन्टेन्ट्स फर्मबाट आन्तरिक लेखा परीक्षकको नियुक्ति गर्ने गरिएको छ । निजबाट चौमासिक रुपमा कारोबारहरुको लेखापरीक्षण गरी आन्तरिक लेखापरीक्षण प्रतिवेदन पेश भए बमोजिम सुझावहरु कार्यान्वयन गरिएको छ ।

(ग) संचालक समिति, लेखा सुपरिवेक्षण समिति, उपसमितिका साथै कार्यरत कर्मचारीहरुलाई हाल अद्यावधिक रुपमा कार्यान्वयनमा आएका नियामकीय मापदण्ड, जोखिम व्यवस्थापन लगायतका विषयहरुमा विभिन्न संघ संस्थाले संचालन गर्ने कार्यक्रममा सहभागिता गराईएको छ । प्रचलित कानून तथा मापदण्डको परिपालना गर्न गराउनका साथसाथै विभिन्न तालिम तथा सेमिनारहरुमा सहभागिता हुने गरेको छ ।

(घ) संस्थाको लेखा प्रणालीलाई समय सापेक्ष आधुनिक बनाउन INFINITY Core Banking solutions मा थप Module हरु आवद्धता गरी पूर्ण रुपमा सञ्चालनमा ल्याईएको छ ।

(ङ) नेपाल लेखामान बोर्डद्वारा जारी भए बमोजिम नेपाल वित्तिय प्रतिवेदन मान (Nepal Financial Reporting Standards-NFRS) मा आधारित भई संस्थाको वितीय विवरणहरु तयार गर्ने नीति कार्यान्वयनमा ल्याईएको छ ।

(च) कारोवारको सिलसिलामा हुनसक्ने जोखिमलाई न्युनिकरण गर्न एवम् सुरक्षाका लागि सि.सि.टि.भि.को व्यवस्था एवम् भल्ट र

काउण्टरमा रहने नगदको विमा गरिएको छ । सदस्य पहिचान अनुपालन र मुद्रा निर्मलिकरण विरुद्ध कार्यविधि अनुसार सम्पर्क अधिकृत तोकी जोखिम न्यूनिकरण कार्य गरिँदै आएको छ ।

(छ) सदस्यको विवरणहरु परीक्षणका अतिरिक्त, ऋणको औचित्य र तिर्न सक्ने क्षमता एकिन गर्नुका साथै ऋण आवेदककको 5C (Capacity, Capital, Collateral, Character & Conditions) को अध्ययन पश्चात मात्र कर्जा सिफारिस/स्वीकृत गर्ने रणनीतिलाई निरन्तर रुपमा अवलम्बन गरिँदै आएको छ ।

(ज) सहकारी ऐन एवं मापदण्ड वमोजिम सदस्यहरुको धितोको मूल्याङ्कनको लागि स्वतन्त्र विशेषज्ञ मूल्याङ्कनकर्ताद्वारा मूल्याङ्कन गरिँदै आएको छ ।

(झ) सहकारी विभागवाट जारी भएको अनुगमन प्रतिवेदनका सुझावहरु नियमित रुपमा कार्यान्वयन गर्दै लगिएको छ ।

(ञ) सहकारी सम्वन्धी सूचनामूलक सामाग्रीहरु नियमित रुपमा संस्थाको सूचना पाटि, वेबसाईट, सामाजिक सञ्जाल एवम् सेवा मार्फत अद्यावधिक गर्ने गरी सदस्यहरुको पहुँचमा पुऱ्याइएको छ ।

(ट) Non Cash कारोवार प्रयोजनका लागि संस्थाले संचालनमा ल्याएको Mobile Banking Apps मा अन्य उपयोगी Features हरु अद्यावधिक गरिदै आएको छ ।

८. नेपाल सरकारको राजश्वमा गरेको योगदान :

चालु आ.व. २०८१/०८२ मा यस संस्थाले जम्मा रु. १ करोड १९ लाख ७७ हजार बराबर रकम विभिन्न राजश्वका विभिन्न शीर्षकहरुमा योगदान गरेको व्यहोरा सम्पूर्ण शेयर सदस्यहरुलाई जानकारी गराउन चाहन्छु ।

कर शिर्षक	यस वर्ष (रु.)
व्याज भुक्तानीमा कर	४,६७८,५४३
आय कर	५,९७१,६४१
अग्रीम कर कट्टी	९१०,५६१
पारिश्रमिक तथा भत्तामा कर	४१५,८८२
जम्मा कर :	११,९७६,६२६

तालिका नं. ४

९. मानव संसाधन र विकास :

मानव संशाधन संस्थाको सफल व्यवस्थापन गर्न र प्रतिश्पर्धात्मक बजारमा समय सापेक्ष प्रविधिको अनुसरण गरि कार्य गर्न योग्य, क्षमतावान, कर्तव्यनिष्ठ एवं उत्साही कर्मचारीको भूमिका महत्वपूर्ण हुने हुँदा सहकारी सम्बन्धि प्रचलित कानून, मापदण्ड तथा निती नियमहरुको परिपालना गर्दै आएको छ । संस्था सञ्चालन गर्न, सहकारीका विभिन्न मुल्य मान्यताहरुलाई व्यवहारमा लागु गरि संस्थागत जोखिमलाई न्यूनिकरण गर्दै संस्थाको उद्देश्यहरुलाई योजनाबद्ध रुपमा अघि बढाउनको लागि कर्मचारी एवं समन्वयकर्ता ब्यवस्थापनलाई महत्वपूर्ण अंगको रुपमा लिएका छौं । संस्थाको विकाससँगै कर्मचारीहरुको दक्षता र क्षमतालाई अभिबृद्धि गर्न विभिन्न किसिमको तालिममा सहभागी गराउने गरिएको छ । त्यसैगरी लक्ष्य अनुसारको सुशासनमा कार्य प्रगति भए/नभएको एवम् कर्मचारीहरुले कार्य गर्दा आई पर्ने विभिन्न समस्याहरु सहज तरिकाबाट समाधान गर्न कर्मचारी बैठक र सञ्चालक समिति/उपसमितिका पदाधिकारीसँगको संयुक्त बैठक वसी समीक्षा गर्ने व्यवस्थालाई निरन्तरता दिइएको छ ।

१०. कर्मचारी वोनस सम्वन्धमा :

सहकारी नियमावलीले कर्मचारी वोनस व्यवस्था आयकर पश्चात कायम हुने वाँडफाँडको लागि उपलब्ध रकमबाट प्रदान गर्ने व्यवस्था गरे अनुरुप आ.व. २०८१/०८२ मा कार्यरत कर्मचारीहरुलाई गत आ.व. झै यस आ.व. मा पनि दुई महिनाको शुरु तलव बराबर रकम कर्मचारी वोनस वितरण गर्ने प्रस्ताव समेत यस सम्मानित सभामा स्वीकृतीका लागि पेश गरेको छु ।

११. लेखापरीक्षकको प्रतिवेदन उपर सञ्चालक समितिको धारणा :

चालु आ.व. २०८१/०८२ को लेखापरीक्षणको क्रममा आन्तरिक लेखापरीक्षण र अन्तिम लेखापरीक्षण प्रतिवेदनले दिएका महत्वपूर्ण राय, सल्लाह तथा सुझावहरुलाई सञ्चालक समितिले कार्यन्वयन गर्दै जाने प्रतिबद्धता शेयर सदस्य महानुभावहरु समक्ष जाहेर गर्दछौं ।

१२. शेयर सदस्यता सम्वन्धमा :

आ.व. २०८०/२०८१ को असार मसान्तसम्ममा ७,३६२ जना शेयर सदस्यता कायम रहेकोमा यस आ.व. २०८१/०८२ को आषाढ मसान्त सम्ममा २७० जना नयाँ सदस्य थप भएको र सो अवधिमा विभिन्न कारणले १२० जनावाट सदस्यता त्याग भई यस आ.व. को अन्त्यमा जम्मा ७,५१२ जना शेयर सदस्य कायम रहेको र निजहरुले लिएको प्रति कित्ता रु. १०० का दरले १० लाख ४ हजार ३८ कित्ता कूल शेयर कायम रहेको जानकारी गराउँदछौ । जसको विस्तृत विवरण निम्नानुसार रहेको छ ।

आ.व. २०८१/०८२ असार मसान्तसम्मको शेयर सदस्य र कायम शेयर रकम :

क्र.स.	विवरण	सदस्य संख्या	रकम (रु.)
१	आ.व. २०८१/०८२ श्रावण १ गतेको	७,३६२	१०१,३५७,४००
२	समीक्षा अवधिको अन्त्यसम्म थप भएका नयाँ सदस्य	२७०	९९९,०००
३	समीक्षा अवधिको अन्त्यसम्ममा साविकका सदस्यले थप		३,०२४,५००
४	समीक्षा अवधिको अन्त्यसम्म आंशिक शेयर फिर्ता		(९६,०००)
५	समीक्षा अवधिको अन्त्यसम्म सदस्यता त्याग	(१२०)	(१,२८१,१००)
६	समीक्षा अवधिको अन्त्यसम्म कायम सदस्य संख्या र रकम	७,५१२	१०४,००३,८००

तालिका नं. ५

१३. आन्तरिक लेखापरीक्षण सम्वन्धमा :

संस्थाको वितीय अवस्था लगायत सञ्चालनमा देखिएका विभिन्न किसिमका समस्याहरुको पहिचान गर्ने र संस्थालाई व्यबस्थित रुपमा सञ्चालन गर्नको लागि लागु गरिएको विभिन्न नियम, कार्यविधिहरुको, आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयनको पक्षमा सुधार गर्ने र व्यवस्थापनलाई यथासमयमा नै सल्लाह/सुझाव प्रदान गर्न स्वतन्त्र लेखापरिक्षकको नियुक्ति गरिँदै आएको छ । आ.व. २०८१/०८२ को आन्तरिक लेखापरीक्षकको रुपमा प्याकुरेल एण्ड एसोसियट्सका चार्टर्ड एकाउन्टेन्ट्स सी.ए. श्री दिपक प्याकुरेललाई नियुक्त गरिएको र निजबाट चौमासिक रुपमा कारोबारहरुको लेखापरीक्षण गरी प्रतिवेदन पेश भएको व्यहोरा यस सम्मानित सभामा जानकारी गराउँदछौ ।

१४. अन्तिम लेखापरीक्षण सम्वन्धमा :

संस्थाको मिति २०८१।०८।१५ मा सम्पन्न २४औं वार्षिक साधारण सभाको निर्णय वमोजिम वैधानिक लेखापरीक्षण कार्य गर्न सी. आचार्य एण्ड एसोसियट्सका चाटर्ड एकाउन्टेन्ट्स सी.ए. श्री छवी लाल आचार्यबाट गराउने निर्णय भएकोमा निजले लेखापरीक्षण कार्य सम्पन्न गरी मिति २०८२।०७।११ मा अन्तिम लेखापरीक्षण प्रतिबेदन पेश गरेको व्यहोरा सम्पूर्ण शेयर सदस्यहरुलाई जानकारी गराउँदछौं ।

१५. नाफा/(नोक्सान) हिसाबको बाँडफाँड सम्वन्धमा :

संस्थाले २०८१/०८२ मा संस्थाले आर्जन गरेको खूद मुनाफा रकम रु. २ करोड ४२ लाख ६४ हजारलाई संस्थाको विनियम एवम् सहकारी नियमावली, २०७५ अनुसार नाफालाई निम्नानुसार बाँडफाँड गरिएको छ :

क्र.सं.	विवरण	रकम (रु.) मा
अ)	साधारण जगेडा कोष तर्फ	६,०६६,२१८
आ)	संरक्षित पूँजी फिर्ता कोष तर्फ	४,५४९,६६४
इ)	संस्था प्रबर्द्धन कोष तर्फ	९०,९९३
ई)	**अन्य कोष तर्फ :**	-
१.	सहकारी शिक्षा कोष	६७७,९००
२.	सहकारी विकास कोष	६७७,९००
३.	घाटापूर्ती कोष	६७७,९००
४.	सामुदायिक बिकास कोष	६७७,९००
५.	स्थिरिकरण कोष	६७७,९००
६.	कर्मचारी वोनस कोष	६७७,९००
७.	अन्य जोखिम व्यवस्थापन कोष	६७७,९००
८.	शेयर लाभांश कोष	८,८१२,६९९

तालिका नं. ६

१६. संस्थागत सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility) :

(क) संस्थाका शेयर सदस्य वा निजका छोरा/छोरीहरु मध्ये नीजि, सामुदायिक/सरकारी स्कुलवाट प्रत्येक वर्ष झैं यस वर्ष पनि २०८१ सालको SEE परीक्षामा उच्चतम अंक ल्याई उत्तीर्ण गरेका ४ जना (२ जना छात्रहरु, २ जना छात्राहरु), सामुदायिक/सरकारी विद्यालयवाट उत्तिर्ण गर्ने छात्र/छात्राहरु मध्ये १ जना छात्रका साथै १ जना छात्रा विद्यार्थीहरु गरी जम्मा ६ जनालाई "श्रमज्योति शैक्षिक पुरस्कार" वापत जनही नगद पुरस्कार रु. १० हजार र सम्मान पत्रबाट पुरस्कृत गरिदै छ ।

(ख) शैक्षिक सत्र २०८१ मा विज्ञान, व्यवस्थापन, मानविकि संकाय तर्फ प्रमाणपत्र तह वा १०+२ उत्तीर्ण गरि उपल्लो अंक प्राप्त गर्ने १/१ जना उत्कृष्ट छात्र/छात्राहरु ६ जनालाई दिइने पुरस्कारबाट आजै सम्मानित गरिदै छ ।

(ग) आ.व. २०८१/०८२ मा मृत्यु भएका सदस्यका परिवारहरुलाई काजक्रिया खर्च वापत प्रति सदस्य रु. ५ हजारका दरले संस्थागत सामाजिक उत्तरदायित्व तर्फ रु. १ लाख ५ हजार खर्च भएको छ ।

१७. सञ्चालक समितिले समीक्षा अवधिमा गरेका प्रमुख निर्णय एवम् कामकारवाहीहरु :

आ.व. २०८१/०८२ मा सञ्चालक समितिको २७५ देखि २८९ औं सम्म जम्मा १५ पटक बैठक बसी नियमित कामकारवाहीका साथै निम्नानुसार प्रमुख निर्णयहरु गरिएका छन् ।

(क) सञ्चालक समितिको बैठकमा संस्थाको वित्तिय अवस्था, लगानी, असुली, सदस्यता, वित्तिय जोखिमको मुल्यांकन, PEARLS सूचकांकको विश्लेषण, बजेट कार्यान्वयको अवस्था, नीति निर्देशनको परिपालना, सम्पत्तिको सुरक्षण, सदस्य हित अभिवृद्धी आदि जस्ता विषयहरुमा नियमित रुपमा छलफल गरी यथा समयमानै कमी कमजोरीहरुलाई सुधार गर्न आवश्यक नीति तथा कार्ययोजाना सहित कार्यान्वयन गर्दै लगिएको छ ।

(ख) नियामक निकायवाट समय-समयमा जारी भएका निर्देशन अनुरुप सञ्चालक समितिवाट कार्ययोजना बनाई निर्देशनहरुको कार्यान्वयन गरिएको छ ।

(ग) प्रचलित सहकारी ऐन, २०७४ तथा संस्थाको संरक्षित पूँजी फिर्ता कोष सम्वन्धी कार्यविधी, २०७९ अनुसार आ.व. २०८०/०८१ को संरक्षित पुँजी फिर्ता कोषमा छुट्याइएको रकम रु ५३,१७०,४९९/- लाई सदस्यहरुको योगदानको अनुपातका आधारमा नियमानुसार कर कट्टी गरी वितरण गरिएको छ ।

साथै प्रचलित सहकारी ऐन र नियामकीय मापदण्ड अनुरुप घाटा पूर्ती कोष बाहेक अन्य कोषहरुमा आ.व. २०८०/०८१ को मौज्दात कायम रकमलाई यस आ.व. २०८१/०८२ मा जगेडा कोषमा रकमान्तर गरीएको छ ।

(घ) संस्थाको २४औं वार्षिक साधारणसभाबाट स्वीकृत आ.व. २०८०/०८१ को वार्षिक बजेट तथा कार्यक्रममा समीक्षा पश्चात् सञ्चालक समितिको निर्णयबाट थप संशोधन तथा परिमार्जन गरिएकोले सो संशोधन स्वीकृतका लागि साधारणसभामा पेश गरिएको छ ।

(ङ) समीक्षा अवधिमा नियामक निकायले तोकेको सन्दर्भ व्याजदर को परिधिभित्र रही संस्थाको Cost of Fund लगायत अन्य वित्तिय सूचाकांकहरुको अध्ययनका आधारमा लिने र दिने व्याजदरमा सन्तुलन कायम गरिएको छ ।

(च) आ.व. २०८१/०८२ मा नेपाल लेखामान बोर्डद्वारा जारी भए बमोजीम नेपाल वित्तीय प्रतिवेदन मान (Nepal Financial Reporting Standards-NFRS) अनुरुप वित्तीय प्रतिवेदनहरु तयार गरिएको छ ।

(छ) संस्थाका कर्मचारीलाई उत्प्रेरणा अभिवृद्धि गर्न आ.व. २०८२/०८३ देखि लागु हुने गरी प्रति कर्मचारीलाई मासिकरुपमा महङ्गी भत्ता र खाजा खर्च वापत क्रमश: तीन हजार र दुई हजार पाँच सय व्यवस्था गरिएको छ ।

(ज) आ.व. २०८२/०८३ को बार्षिक बजेट तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ । साथै प्रस्तावित आय-व्यय हिसाव, पूँजीगत खर्च र सो सँग सम्वन्धित अन्य विवरणहरु साधारण-सभाबाट अनुमोदन हुन पेश गरिएको छ ।

(झ) संस्थाको विद्यमान विनियम तथा आन्तरिक कार्यविधिहरुमा सहकारी ऐनमा भएको संशोधन र नियामकिय मापदण्ड, २०८२ अनुरुप हुने गरी समसामयिक संशोधन एवम् विद्यमान कार्यविधिहरुमा समेत आवश्यक संशोधनका लागि तीन महले मस्यौदा समितिले निर्णय गरी स्वीकृतका लागि यस साधारण सभामा पेश गरिएको छ ।

१८. संस्थाको व्यवसायिक चुनौती र अवसर :

संस्था स्थापनाको २६औं वर्षको सञ्चालन अवस्थामा रहँदै गर्दा यस संस्थाले निकै ठूलो फड्को पार गरेको छ । संस्था सञ्चालनमा नीति, विधि, पद्धति र स्व:नियन्त्रणलाई उच्च प्राथमिकतामा राखी कार्यान्वयन गरिएको कारण संस्थाको भौतिक सम्पती, वित्तीय कारोवार र अन्य सूचकाङ्को हिषावले मजवुत भएको छ । संस्थाको कारोवारलाई अझ व्यापक बनाउन थप चुनौतिहरु पनि देखिएका सन्दर्भमा संचालक समितिले संस्थाको सवल पक्षलाई अवसरको रुपमा उपयोग गर्दै चुनौतिका क्षेत्रगत असर पहिचान गरी प्राप्त अवसरलाई संस्था र सदस्यहरुको हित अभिवृद्धितर्फ केन्द्रित गर्न दीर्घकालिन व्यवसायिक रणनीतिक योजना कार्यान्वयन गरिदै लगिने छ ।

१९. आगामी नीति तथा कार्ययोजना :

(क) ***एकका लागि सबै र सबैका लागि एक*** भन्ने सहकारीको विश्वव्यापी सिद्धान्त र मान्यतालाई आत्मसात गर्दै सदस्यहरुको समान सहभागिताको व्यवस्थालाई निरन्तरता प्रदान गरिने छ ।

(ख) हालै राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट जारी भएको नियामकीय मापदण्ड अनुरुप तोकिएको समय सीमा भित्रै नै संस्था आवद्धता गरिनेछ ।

(ग) सदस्यता विस्तारको सम्भाव्य क्षेत्र पहिचान गरी ती क्षेत्रहरुमा सदस्य तालिम, अन्तरक्रिया लगायत प्रदेश स्तरमा सदस्य प्रशिक्षण कार्यक्रम गरिने छ । यसै वर्ष देखि **"सहकारी संग सदस्य"** नामक जानकारीमुलक पाठ्य सामग्री विकास गरिनेछ ।

(घ) संस्थाको ५ वर्षे दिर्घकालिन व्यवसायिक रणनीतिक योजना अनुरुप सदस्यहरुलाई थप सेवा प्रदान गर्नको लागि लगानीलाई निम्न क्षेत्रमा विविधिकरण गर्ने नीति लिईनेछ :

1. सदस्यहरुको माग वमोजिम सामुहीक/एकिकृत घर/जग्गा तथा आवास विकास योजना लागु गरिनेछ ।
2. **सदस्यता देखि अवकाशसम्म सहकारी सँग सँगै** भन्ने नीति कार्यान्वयन गर्न २५ औं वार्षिक साधारणसभामा आवश्यक नीतिगत निर्देशन एवं सुझावका लागि प्रस्ताव पेश गरिएको छ ।
3. सदस्यहरुलाई उच्चतम प्रतिफल दिने खालका साना तथा मझौला व्यवसाय (SMEs) का साथै सामूहिक उद्यमशीलता विकास गर्न संस्थाले परियोजनागत कर्जा उपलब्ध गराउनेछ ।

(ङ) शेयर सदस्यहरुलाई Non Cash कारोवार गर्न सबै प्रकारका भुक्तानी सुविधा उपलव्ध हुने अत्याधुनिक मोवाईल वैंकिङ्ग एप सञ्चालनमा आईसकेकोले सबै सदस्यहरुलाई प्रयोग गर्न उत्प्रेरित गरिनेछ ।

(च) संस्थाबाट प्रदान गरिने सबै प्रकारका सेवा सुविधाहरु Online Application System मार्फत गराउने व्यवस्था गरिनेछ ।

(छ) संस्थाले आफ्ना सदस्य तथा नीजका परिवारलाई स्वास्थ्य परीक्षण तथा उपचार गर्न विशेष सहुलियत एवं छुट सुविधालाई उपत्यका भित्र तथा वाहिरका अन्य अस्पतालहरुसँग पनि सहकार्य गरिनेछ ।

(ज) राष्ट्रिय स्तरको प्रोवेशन ब्राण्ड (जोखिम रहित संस्थाको लोगो) र अन्तराष्ट्रिय स्तरको एक्सेस ब्राण्ड प्राप्तिका लागि आवश्यक मापदण्ड पूरा गर्ने प्रक्रिया अगाडि बढाइने छ ।

(झ) सहकारी ऐन कानूनको परिधिमा रही उपयुक्त संस्थालाई Merger/Acquisition कार्यका लागि पहल गरिने छ । साथै सहकारीतामूलक उद्यमशिलता/अध्ययन अनुसन्धान, साझेदारीता विकास गर्ने रणनीति अपनाइनेछ ।

(ञ) सम्पत्ति निर्मलीकरण (शुद्धिकरण) व्यवस्थामा भएको संशोधन अनुरुप सदस्यहरुको सीमा भन्दा बढी रकमको कारोवारको स्वचालित रुपमा Accounting System बाट नै नियामक निकायमा प्रतिवेदन दाखिला गर्ने व्यवस्थाका लागि goAML संयन्त्रमा आवद्धता गरिने छ ।

२०. आर्थिक वर्ष २०८२/०८३ को वार्षिक कार्यक्रम तथा बजेट :

शेयर सदस्यज्यूहरु

संचालक समितिको बैठकबाट आ.व. २०८१/०८२ का लागि स्वीकृत बजेट तथा कार्यक्रम संस्थाको आ.व. २०८१/०८२ को चैत्र मसान्तसम्मको वित्तीय विवरणका आधारमा समिक्षा गरी परिमार्जन गरिए अनुरुप आ.व. २०८१/०८२ को वास्तविक र आ.व. २०८२/०८३ को प्रस्तावित सारांश देहाय बमोजिम रहेको छ ।

रु. (०००) मा

शीर्षक	आ.व ०८१/८२ को प्रस्तावित	आ.व ०८१/८२ को संशोधित	आ.व. ०८१/८२ को वास्तविक	आ.व. ०८२/८३ को प्रस्तावित
कुल आम्दानी	१४६,५३४	१२७,५४७	१२६,६७५	१२४,५२९
कुल खर्च	१०८,५२२	९७,७२४	९६,३१६	९१,४६८
कर अघिको संचालन नाफा	३८,०११	२९,८२३	३०,३५८	३३,०६१
कर व्यवस्था	७,६०२	५,९६५	६०९३	६,६१२
खूद मुनाफा	३०,४०९	२३,८५८	२४,२६५	२६,४४९

तालिका नं. ७

संचालक समितिले आ.व. २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्ताव गर्दा विगतको प्रवृत्तिको अध्ययन तथा समीक्षाका आधारमा रु. १२ करोड ४५ लाख २९ हजार बराबरको आम्दानी, रु. ९ करोड १४ लाख ६८ हजार बराबरको खर्च, कर अघिको नाफा रु. ३ करोड ३० लाख ६१ हजार र रु. ९ लाख ८० हजारको पूँजीगत खर्च बजेट सहितको बजेट तथा कार्यक्रम स्वीकृत हुन यस गरिमामय साधारण सभामा प्रस्ताव गरिएको छ । वार्षिक बजेट तथा कार्यक्रमको विस्तृत विवरण यसै प्रतिवेदनको तालिका नं. ८ देखि १२ सम्म प्रस्तुत गरिएको छ ।

२१. २५औं वार्षिक साधारण सभाबाट स्वीकृत/अनुमोदन हुनका लागि प्रस्तुत प्रस्तावहरु :

(क) सञ्चालक समितिको तर्फबाट पेश हुने अध्यक्षज्यूको आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारीत गर्ने सम्वन्धमा ।

(ख) लेखा-सुपरीवेक्षण समितिको आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारीत गर्ने सम्वन्धमा ।

(ग) आ.व. २०८१/०८२ को वित्तिय विवरणहरु तथा लेखापरीक्षकको प्रतिवेदन माथि छलफल गरी पारीत गर्ने सम्वन्धमा ।

(घ) सञ्चालक समितिले सिफारिश गरे वमोजिम आ.व. २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रम अनुमोदन एवं स्वीकृत गर्ने सम्वन्धमा ।

(ङ) आ.व. २०८२/०८३ का लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा ।

(च) आ.व. २०८१/०८२ को मुनाफाबाट शेयर लाभांश तथा संरक्षित पूजी फिर्ता कोषको रकम वितरण गर्ने सम्वन्धमा ।

(छ) प्रचलित सहकारी कानुन तथा नियामकीय मापदण्ड, २०८२ बमोजिम संस्थाको विनियम, २०५७ को विभिन्न दफामा गरिएको संशोधनलाई स्वीकृत गर्ने साथै संस्थाको संशोधित आन्तरिक कार्यविधिहरुलाई अनुमोदन गर्ने सम्वन्धमा ।

(ज) निर्णय पुस्तिकामा हस्ताक्षरको लागि सदस्यहरु मध्येवाट प्रतिनिधिहरु छनौट गर्ने सम्वन्धमा ।

(झ) विविध ।

आदरणीय सदस्य महानुभावहरु,

गत साधारण सभामा लिईएका नीति तथा कार्यक्रमहरुको कार्यान्वयन गरी समयमै संस्थाको लेखापरीक्षण सम्पन्न गरी वार्षिक प्रगति प्रतिवेदन सहितको वित्तीय विवरण स्वीकृती/अनुमोदनका लागि यस सभा समक्ष प्रस्तुत गर्न पाउँदा सदस्य महानुभावहरु प्रति हार्दिक कृतज्ञ रहेको छु ।

संस्थाको हरेक कामकाज र विकासमा निरन्तर रुपले अमूल्य योगदान पुर्‍याउने सल्लाहकारज्यूहरु, सञ्चालक मित्रहरु, लेखा सुपरिवेक्षण समिति, शिक्षा उपसमिति, जोखिम व्यवस्थापन उपसमिति, सूचना तथा प्रविधि उपसमिति, ऋण उपसमिति, महिला उपसमिति, नेपाल सरकारका नियामक निकायहरु सहकारी विभाग र सहकारी नियमन प्राधिकरण, का.म.न.पा. सहकारी विभाग, का.म.न.पा. वडा नं २८, ने.वि.प्रा.को उच्च व्यवस्थापन, कार्यालय प्रमुख/लेखा प्रमुख, समन्वयकर्ताहरु, कानूनी सल्लाहकार, ने.वि.प्रा. कर्मचारी संघ, सहकारी संघ/महासंघ/बैंक, शेयर सदस्यज्यूहरु, संस्थाका कर्मचारीहरु, शुभेच्छुक साथीहरु, पत्रकार मित्रहरु र प्रत्यक्ष/परोक्ष रुपमा सहयोग पुर्‍याउने सवैलाई विशेष धन्यवाद दिदैं भविष्यमा समेत निरन्तर सहयोगको अपेक्षा गर्दछु । त्यसै गरी अमूल्य सुझावहरु सहित यस वर्षको आन्तरिक लेखापरीक्षण गर्ने सि.ए. श्री दिपक प्याकुरेलज्यू र अन्तिम लेखा परीक्षण समयमै सम्पन्न गरीदिनु भएकोमा लेखापरीक्षक सि.ए. श्री छविलाल आचार्यज्यू प्रति हार्दिक आभार प्रकट गर्दछु ।

अन्त्यमा, यसैसाथ समावेश वार्षिक प्रतिवेदन र सो सँग सम्बन्धित अनुसूची सहितको आ.व. २०८१/०८२ को वित्तीय स्थितिको विवरण, नाफा नोक्सान हिसाव विवरण, नगद प्रवाह विवरण र इक्विटीमा भएको परिवर्तन सहितको लेखापरिक्षकको प्रतिवेदन र आ.व. २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रम एवम् साधारण सभामा पेश गरिएका अन्य प्रस्तावहरु समेत यस गरिमामय सभावाट अनुमोदन/स्वीकृत हुनेछ भन्ने विश्वास लिएको छु ।

सदस्य महानुभावहरु,

मैले यस भन्दा अघि नै हाम्रो सहकारीका सवल पक्ष, चुनौती र अवसरहरुको संक्षिप्त चर्चा गर्दै सहकारीको विकास तथा संचालनमा यस सभामा गहन छलफल भै रचनात्मक सल्लाह, सुझावहरु प्राप्त हुनेछन भन्ने विश्वास लिदै यस साधारण सभामा आफ्नो अमूल्य समय दिई पाल्नु भएका प्रमुख अतिथिज्यू, आमन्त्रित महानुभावहरु, सहभागी सदस्य तथा संचार माध्यमबाट जोडिनु भएका महानुभावहरुमा संस्था र मेरो व्यक्तिगत तर्फवाट समेत हार्दिक आभार व्यक्त गर्दछु ।

धन्यबाद । जय सहकारी

मिति २०८२ मंसिर १३ गते शनिवार ।

स्थान : राष्ट्रिय सभागृह , काठमाडौं

....

तिर्थ राज न्यौपाने

अध्यक्ष, सञ्चालक समिति

आ.व. २०८२/०८३ को प्रस्तावित पुंजीगत खर्चको विवरण

रु. (०००) मा

सि.नं.	पुंजीगत खर्च शीर्षक	२०८१/०८२ को प्रस्तावित	२०८१/०८२ को वास्तविक	२०८२/०८३ को प्रस्तावित
१	भवन	२००	-	२००
२	कार्यालय सामग्री	३३२	-	२८०
३	सफ्टवेयर तथा एप्स विकास	-	-	५००
	जम्मा:	५३२	-	९८०

तालिका नं. ८

आर्थिक वर्ष २०८२/०८३ को लागि प्रस्तावित निक्षेप संकलन तथा फिर्ता :

रु. (०००) मा

विवरण	आ.व. २०८२/०८३ को प्रस्तावित			
	शुरु मौज्दात	संकलन	फिर्ता	बांकी मौज्दात
नियमित बचत	३४७,७४५	१,५०२,४०२	१,४६८,४९५	३८१,६५२
श्रमज्योति सूपर सेभिङ्ग बचत	९८,७५८	४५२,३४९	४३६,११३	११४,९९४
सेवा निवृत बचत	२,४०४	१४,५७५	१३,८४६	३,१३३
बाल बचत	३२८,३९६	५६,२९०	-	३८४,६८६
म्यादी निक्षेप	२९९,९९५	६२८,३९९	६३०,३३३	२९८,०६१
जम्मा रकम	१,०७७,२९७	२,६५४,०१५	२,५४८,७८७	१,१८२,५२५

तालिका नं. ९

आर्थिक वर्ष २०८२/०८३ को लागि प्रस्तावित कर्जा लगानी एवं असुली विवरण :

रु. (०००) मा

विवरण	आ.व. २०८२/०८३ को प्रस्तावित			
	मौज्दात	लगानी	असूली	मौज्दात
सामाजिक कर्जा	४०७,१६८	३३९,५७४	२८३,७६१	४६२,९८०
श्रमज्योति आवास कर्जा	३४,११२	१०,८९०	११,२५१	३३,७५१
घर/जग्गा खरीद कर्जा	२४०,४४६	७४,४१५	६२,९७२	२५१,८८८
शैक्षिक कर्जा	६,१६०	२,१७०	८३३	७,४९७
कृषि कर्जा	१२,२२४	३,०७४	७६५	१४,५३२
हायरपर्चेज कर्जा	११,२५९	१,१४०	१,२४०	११,१५९
कर्मचारी कर्जा	१०,०१३	११,९५०	१३,१७९	८,७८४
अन्य कर्जा	१६४,९५१	७९,२३५	६१,०४६	१८३,१४०
म्यादी निक्षेपमा कर्जा	२३,५२२	४८,९३५	४३,४७३	२८,९८३
जम्मा रकम	९०९,८५४	५७१,३८३	४७८,५२१	१,००२,७१५

तालिका नं. १०

आर्थिक वर्ष २०८२/०८३ को प्रस्तावित कर्मचारी खर्च विवरण :

रु. (000) मा

खर्च शीर्षक	आ.व. २०८०/०८१ को	आ.व. २०८१/०८२ को		आ.व. २०८२/०८३ को
		स्वीकृत	वास्तविक	प्रस्तावित
कर्मचारी तलव	४,९३०	५,१६५	५,१६०	४,९७५
मासिक भत्ता तथा ज्याला खर्च	९४४	१,१४७	८९४	१,५४५
संचय/उपदान कोष सुविधा	९८६	१,०३३	१,०३२	९९५
अन्य वार्षिक सुविधा	१,६३३	१,८२८	१,६५४	१,६८६
कूल कर्मचारी खर्च	**८,४९३**	**९,१७४**	**८,७४०**	**९,२००**

तालिका नं. ११

आर्थिक वर्ष २०८२/०८३ को प्रस्तावित आय-व्यय विवरण :

रु. (000) मा

विवरण	आ.व. २०८०/०८१ को	आ.व. २०८१/०८२ को		आ.व. २०८२/०८३ को प्रस्तावित	
		प्रस्तावित	वास्तविक	रकम	बृद्धि/(घटी) %मा
कूल व्याज आम्दानी	११३,८९५	१२२,५५५	१०१,२१०	**१०९,२९६**	७.९९
व्याज भुक्तानी	९०,३५०	८७,०३६	७७,५०६	७२,२१०	(६.८३)
खुद व्याज आम्दानी	**२३,५४४**	**३५,५१९**	**२३,७०४**	**३७,०८७**	**५६.४६**
शेयर लगानीमा/संरक्षित पूजी फिर्ता आम्दानी	२५	२०	२३	२५	९.६१
बैंक व्याज आम्दानी	२५,३२६	१८,५००	२०,२८५	९,१५०	(५४.८९)
गैह्र वित्तिय कारोवारमा आम्दानी	३०८	५०	१९४	५०	(७४.१७)
विविध आम्दानी	४,१३६	५,४०९	४,९६४	६,००७	२१.०२
कूल संचालन आम्दानी	**५३,३३९**	**५९,४९८**	**४९,१६९**	**५२,३१९**	**६.४१**
कर्जा नोक्सानी व्यवस्था बढी/(फिर्ता)	(५३)	१,३८६	७९५	३११	(६०.८९)
खुद संचालन आम्दानी (क)	**५३,३९२**	**५८,११२**	**४८,३७४**	**५२,००९**	**७.५१**
कर्मचारी खर्च	८,४९३	९,१७४	८,७४०	९,२००	५.२७
प्रशासनिक/ कार्यालय संचालन खर्च	२,७५२	३,०७५	२,६८९	२,८१५	४.६९
लेखा परीक्षण शुल्क तथा खर्च	६६६	४३०	४३३	४७०	८.४५
प्रविधि तथा आई.टी. संचालन खर्च	५५७	६६५	५९१	७१०	२०.२१
मर्मत संभार	४७	१३५	५८	२१५	२७१.२७
संस्था प्रवर्द्धन तथा विकास खर्च	४५९	१,२५०	४७२	१,०५०	१२२.५७
साधारण सभा खर्च	१,६७५	१,९००	१,९६४	१,२००	(३८.९०)
संचालक समिति/ उप समिति खर्च	१,५५६	१,७३५	१,४०३	१,६२०	१५.५०
ह्रास खर्च	१,६६७	१,७३७	१,६६७	१,६६७	-
जम्मा संचालन खर्च (ख)	**१७,८७१**	**२०,१०१**	**१८,०१६**	**१८,९४७**	**५.१७**
कर योग्य आय (क)-(ख)	**३५,५२१**	**३८,०११**	**३०,३५८**	**३३,०६१**	**८.९०**
आयकर व्यवस्था	(७,१०४)	(७,६०२)	(५,९७२)	(६,६१२)	१०.७३
स्थगन कर (आम्दानी)/खर्च	(५६)	-	(१२२)	-	-
जम्मा संचालन खुद मुनाफा	२८,३६०	३०,४०९	२४,२६५	२६,४४९	९.०१

तालिका नं. १२